नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः २०७४ असार ३० गते

## आठौं सार्क गृहमन्त्री स्तरीय बैठक संम्बन्धमा

- श्रीलंका सरकारको आयोजनामा भएको सार्क राष्ट्रहरुका अध्यागमन अधिकारीहरु, गृह मन्त्रालयका सचिवहरु र गृहमन्त्रीहरुको ३ दिने वैठकमा भाग लिएर माननीय गृह मन्त्री ज्यूको नेतृत्व टोली आज मिति २०७४।३।३० गते नेपाल आईपुगेको छ ।
- वैठकमा सार्क राष्ट्रहरुमा आवागमन गर्दा सार्क मुलुकका नागरिकहरुका लागि भिषा प्रक्रियाहरुलाई सरलीकरण गर्न आधुनिक सुचना प्रविधि सहितको **"सार्क भिषा एक्जीम्सन स्टिकर स्किम"** को विकास गर्ने र सबै सदस्य राष्ट्रहरुको सहमती कायम गरेर कार्यान्वयनमा जान छिटो बाँकी कार्य सम्पन्न गर्ने निर्णय भएको छ ।
- सार्क राष्ट्रका प्रहरी संगठनहरुका विच सहयोग र समझदारी विकास गर्न सार्क क्षेत्रमा प्रहरीहरुको सम्मेलन आगामी सेप्टेम्वर महिनामा नेपालमा आयोजना गर्ने निर्णय भएको छ । यसै गरी **"सार्क अफेन्स मोनिटरिङ्ग डेस्क"** र **"सार्क ड्रग्स अफेन्स मोनिटरिङ्ग डेस्क"** लाई प्रभावकारी वनाउन आवश्यक तयारी गर्ने सम्वन्धमा छलफल भएको थियो ।
- आतंकवाद, क्रसवोर्डर अपराध, लागू पदार्थको ओसारपसार लगायतका विभिन्न अपराधिक गतिविधिहरुको सवै सदस्य राष्ट्रहरुबाट भर्त्सना गरिएको थियो । मानवता विरोधी यस्ता जघन्य अपराधका विरुद्ध दुई पक्षीय र क्षेत्रीय सहयोग बढाउने सम्वन्धमा प्रतिवद्धता स्पष्ट रुपमा राखिएको थियो ।
- सूचना प्रविधिको विकाससँगै बढ्दै गएको साइवर काइमको नियन्त्रण गर्ने सम्वन्धमा पनि छलफल भएको छ । अपराधको विभिन्न पक्षमा थप अध्ययन गरेर कानून निर्माण र कार्यान्वयनका सम्वन्धमा थप स्पष्ट हुने धारणा सवै सदस्य राष्ट्रबाट आएको छ ।
- यसरी यो बैठकमा सार्क सदस्य राष्ट्रहरु वीच अध्यागमन, अपराध नियन्त्रण, सुरक्षा प्रवन्ध लगायतका क्षेत्रीय चासोका वारेमा सौहार्दपूर्ण छलफल भएको छ । बैठकमा सम्वन्धित विज्ञ अधिकारीहरुले प्राविधिक विषयको तयारी/छलफल गर्नुभयो भने मन्त्री स्तरीय वैठकले साझा चासोका विषयहरुमा दिशा निर्देश गर्नुका साथै क्षेत्रीय एकता र आपसी सहायता अभिवृद्धि गर्न योगदान पुऱ्याएको छ ।
- वैठकको अघिपछिको समय सदुपयोग गरेर माननीय गृहमन्त्रीज्यूबाट श्रीलंकाका महामहिम राष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यु, कानून र व्यवस्था मन्त्रीज्यू, गृह मन्त्रीज्यूसँग दुई पक्षीय सम्वन्ध, पर्यटन विकास र आर्थिक सहायता वृद्धि गर्ने संभावनाका वारेमा छलफल भएको छ । सार्क राष्ट्रका अन्य गृह मन्त्रीहरुसँग पनि दुई पक्षीय र क्षेत्रीय विषयहरुका साँझा चाँसोका वारेमा अन्तर्क्रिया भएको छ ।
- समग्रमा यस बैठकबाट सार्क राष्ट्रका दुई पक्षीय र क्षेत्रीय सहायता बढाउन सहयोग पुगेको महसुस गरिएको छ ।

२०७४/३/३०

दिपक काफ्ले

प्रवक्ता